सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

आ.ब. २०८१/८२ को २०८१ बैशाख महिना देखि २०८२ असार मसान्तसम्म सम्पादन गरिएका कार्यहरूको त्रैमासिक विवरण

# स्वतः प्रकाशन (Proactive Disclosures)




**नेपाल सरकार**

## प्रदेश प्रमुखको कार्यालय

**कर्णाली प्रदेश**

**सुर्खेत**

# सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम प्रकाशन गरिएको विवरण

**विवरण सार्वजनिक गर्ने निकायको नामः** प्रदेश प्रमुखको कार्यालय, कर्णाली प्रदेश, सुर्खेत ।

सार्वजनिक भएको विवरणको अवधिः बि.सं. २०८१ बैशाख देखि २०८२ असार मसान्तसम्म ।

## १. प्रदेश प्रमुखको कार्यालयको स्वरुप र प्रकृतिः

नेपालको संविधानको धारा १६३ मा प्रत्येक प्रदेशमा नेपाल सरकारको प्रतिनिधिको रूपमा एक जना प्रदेश प्रमुख रहने व्यवस्था छ । माननीय प्रदेश प्रमुखबाट सम्पादन हुने कार्यलाई व्यवस्थित गर्न प्रशासनिक सचिवालयको रूपमा स्थापित यस कार्यालयले माननीय प्रदेश प्रमुखसँग सम्बन्धित विभिन्न कार्यक्रम र समारोहको प्रशासनिक समन्वय, व्यवस्थापन तथा सचिवालयसम्बन्धी कार्य सञ्चालन गर्ने गर्दछ ।


## २. निकायको काम, कर्तव्य र अधिकारः

यस कार्यालयबाट सम्पादन हुने कामहरू निम्नानुसार छन्-

- क) व्यवस्थापकीय तथा प्रशासनीक कार्यहरू,
- ख) सूचना तथा समन्वयात्मक कार्यहरू,
- ग) माननीय प्रदेश प्रमुखको सचिवालयसम्बन्धी कार्यहरू ।

## ३. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरणः

**प्रदेश प्रमुखको कार्यालयको विद्यमान सांगठानिक ढाँचा**



प्रदेश प्रमुखको कार्यालयको स्वीकृत दरबन्दी १९ रहेको छ । यस कार्यालयको स्वीकृत संगठन संरचना अनुसार माननीय प्रदेश प्रमुखको निजी सचिवालयबाहेक दुई वटा शाखा रहेका छन् । ती शाखाको कार्य विवरण निम्न अनुसार रहेको छः

**क) व्यवस्थापन शाखा**

- माननीय प्रदेश प्रमुखको कार्यसम्पादनका लागि आवश्यक प्रशासनिक सहयोग उपलब्ध गराउने,
- माननीय प्रदेश प्रमुखको कार्यक्रम व्यवस्थापन तथा भ्रमणहरूको व्यवस्थापन गर्ने,
- सुरक्षा निकायहरूसँग समन्वय गर्ने,
- माननीय प्रदेश प्रमुखको कार्यक्रम र भ्रमणसम्बन्धी अभिलेखीकरण व्यवस्थित गर्ने,
- आर्थिक व्यवस्थापनसम्बन्धी कार्य गर्ने,
- कार्यालय व्यवस्थापन, आर्थिक, प्रशासनिक र सूरक्षा सम्बन्धी कार्य गर्ने,
- संवैधानिक एवं कानुनी राय परामर्शसम्बन्धी कार्य गर्ने,
- विधेयक तथा अध्यादेश प्रमाणीकरणसम्बन्धी कार्य गर्ने,
- कानून तर्जुमा, संशोधनसम्बन्धी कार्य गर्ने,
- प्रादेशिक कानुन र सोसम्बन्धी अन्य कार्य गर्ने ।

**ख) सूचना तथा समन्वय शाखा**

- कूटनीतिज्ञ एवं अन्य व्यक्तित्वहरूको भेटघाट सम्बन्धी व्यवस्था मिलाउने,
- प्रादेशिक, संघीय तथामाननीय प्रदेश प्रमुखको तर्फबाट हुने पत्राचार सम्बन्धी कार्य,
- माननीय प्रदेश प्रमुखले दिनुहुने सन्देश र शुभकामनाको मस्यौदा तयार गर्ने,
- विभिन्न कार्यक्रमको समन्वय र आवश्यक श्रोतका लागि समन्वय गर्ने,
- सूचना संकलन र सम्प्रेषणको कार्य गर्ने,
- प्रदेश प्रमुखलाई सूचना तथा जानकारी उपलब्ध गराउने ।

**ग) प्रदेश प्रमुखको निजी सचिवालय**

- माननीय प्रदेश प्रमुखको कार्यक्रम व्यवस्थापन गर्ने,
- माननीय प्रदेश प्रमुखलाई सम्बोधन गरी प्राप्त हुने निवेदन तथा पत्रहरू अध्ययन गरी पेश गर्ने,
- माननीय प्रदेश प्रमुखको कार्यालयमा हुने भेटघाट व्यवस्थापन गर्ने,
- माननीय प्रदेश प्रमुखबाट हुने आदेश, निर्देशनको कार्यान्वयनबारे अनुगमन र समन्वय गर्ने ।

प्रदेश प्रमुखको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७४ को दफा १४ एवम् अनुसूची ३ अनुसार प्रदेश प्रमुखको निजी सचिवालयमा रहने कर्मचारी संख्या १२ रहेको छ।

## ४. निकायबाट प्रदान गरिने सेवाः

बुँदा नं. २ र ३ मा उल्लिखित कार्य विवरण अनुसार सेवा प्रवाह गरिन्छ।

## ५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीः

यस कार्यालयबाट सेवा प्रदान गर्ने शाखा र हाल कार्यरत जिम्मेवार अधिकारी निम्नानुसार रहनु भएको छ।

| क्र.सं. | नाम | पद |
|---|---|---|
| १ | श्री शिवलाल तिवारी | प्रदेश सचिव |
| २ | श्री तपेन्द्रकुमार बि.क. | ना.सु. |
| **क) व्यवस्थापन शाखा** | | |
| १ | श्री भीमराज थानी | कम्प्युटर अधिकृत |
| २ | श्री मनमाया काउचा | शाखा अधिकृत |
| ३ | श्री लिलबहादुर रोका मगर | लेखा अधिकृत |
| ४ | श्री यामप्रसाद गौतम | कानुन अधिकृत (कामकाज) |
| ५ | श्री लक्ष्मी ढकाल | क.अ. |
| **ख) सूचना तथा समन्वय शाखा** | | |
| १ | श्री अर्जुन बहादुर बुढाथोकी मगर | शाखा अधिकृत |
| २ | श्री दुर्गाकुमारी उपाध्याय | ना.सु. |
| **ग) माननीय प्रदेश प्रमुखज्यूको निजी सचिवालय** | | |
| १ | श्री विष्णुप्रसाद शर्मा | शा.अ. |

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः

यस कार्यालयबाट प्रदान हुने सेवाको लागि दस्तुर लाग्दैन। प्रचलित कानूनले तोकेको अवस्थामा सोही समयावधि भित्रै कार्यसम्पादन हुने गरेकोमा कतिपय अवस्थामा सरोकारवालासंगको आपसी सहमतिमा तय भएको समयावधिमा सेवाप्रवाह/कार्यसम्पादन हुने गर्दछ।

## ७. निर्णय गर्ने प्रक्रिया र अधिकारीः

संविधान र प्रचलित कानूनबमोजिम प्रदेश प्रमुखले सम्पादन गर्ने कार्यको सम्बन्धमा संविधान र कानूनमा तोकिएबमोजिम हुने गर्दछ। सचिवज्यूबाट अधिकार प्रत्यायोजन भएअनुसार अधिकार प्राप्त अधिकारीबाट

कार्यालयको आर्थिक, प्रशासनिक लगायतका विषयहरुमा निर्णय हुने गरेको छ भने अन्य विषयहरु पेश भएअनुसार सचिवस्तरबाट निर्णय हुने गर्दछ।

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारीः

नियमित सेवाप्रवाह र आन्तरिक प्रशासनिक विषयको निर्णयमा चित्त नबुझे सोको सुनुवाई यस कार्यालयका प्रदेश सचिवबाट हुन्छ।

## ९. सम्पादन गरेको कामको विवरणः

### (अ) २०८१ बैशाख देखि २०८२ असार मसान्तसम्ममा सम्पादित कामहरू

(अ) माननीय प्रदेश प्रमुखज्यूबाट मिति २०८२/०१/२८ गते आइतबार दिनको ३ बजे कर्णाली प्रदेश सभाको दोस्रो कार्यकालको छैटौँ अधिवेशन आह्वान गर्नुभएको,

(आ) महालेखापरिक्षकको कार्यालयको सातौ बार्षिक प्रतिवेदन माननीय प्रदेश प्रमुखज्यू समक्ष २०८२/०२/०१ गते पेश भएको,

(इ) मुस्लिम आयोगको छैटौँ बार्षिक प्रतिवेदन माननीय प्रदेश प्रमुखज्यू समक्ष २०८२/०२/११ गते पेश भएको,

(ई) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको छैटौँ बार्षिक प्रतिवेदन माननीय प्रदेश प्रमुखज्यू समक्ष २०८२/०३/२० गते पेश भएको,

(उ) आर्थिक वर्ष २०८२/०८३ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माननीय प्रदेश प्रमुखज्यूले मिति२०८२/०३/३१ गते प्रमाणिकरण गर्नुभएको,

(ऊ) कर्णाली प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक माननीय प्रदेश प्रमुखज्यूले मिति२०८२/०३/३१ गते प्रमाणिकरण गर्नुभएको

### (आ) २०७५ साल देखि हालसम्म प्रमाणीकरण भएका विधेयक एवम् अध्यादेशको विवरणः

#### (क) २०७५ सालमा प्रमाणीकरण भएका (विधेयकहरू) ऐनहरू

| दर्ता नं. | विधेयकको नाम | प्रमाणीकरण मिति |
|---|---|---|
| ०१ | कर्णाली प्रदेश आर्थिक कार्यविधि विधेयक, २०७४ | २०७५/०१/०४ |
| ०२ | आर्थिक वर्ष २०७४/०७५ को सेवा र कार्यहरुको लागि प्रदेश संचित कोषबाट | २०७५/०१/२३ |

| | | |
|---|---|---|
| | केही रकम खर्च गर्ने र विनियोजन गर्नेसम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | |
| ०३ | कर्णाली प्रदेश आकस्मिक कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ | २०७५/०२/३० |
| ०४ | कर्णाली प्रदेशका केहीसार्वजिनक लिखत प्रमाणीकरण (कार्यविधि)सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७५/०२/३० |
| ०५ | कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधाका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७५ | २०७५/०३/२४ |
| ०६ | आ.व. ०७५/०७६ को सेवा र कार्यहरुका लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७५/०३/३२ |
| ०७ | कर्णाली प्रदेश वित्तिय हस्तान्तरण (व्यवस्थापन) विधेयक,२०७५ | २०७५/०३/३२ |
| ०८ | कर्णाली प्रदेशमा कर तथा गैरकर राजश्व लगाउने र उठाउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७५ | २०७५/०३/३२ |
| ०९ | प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक | २०७५/०३/३२ |
| १० | कर्णाली प्रदेशमा ऋण उठाउने अधिकारको व्यवस्था गर्न बनेको विधेयक,२०७५ | २०७५/०३/३२ |
| ११ | गाउँ सभा र नगर सभाको कानून निर्माण प्रक्रियाका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७५ | २०७५/०४/०४ |
| १२ | कर्णाली प्रदेशका मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्तसम्बन्धी कानून तर्जुमा गर्न बनेको विधेयक, २०७५ | २०७५/०४/०९ |
| १३ | प्रशासकिय कार्यविधि  नियमित गर्नेसम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७५ | २०७५/०४/३१ |
| १४ | गाउँ सभा र नगर सभा सञ्चालनको लागि व्यवस्था गर्न बनेको विधेयक,२०७५ | २०७५/०८/१० |
| १५ | जिल्ला सभाको संचालनका निम्ति व्यवस्था गर्न बनेको विधेयक,२०७५ | २०७५/०८/१० |
| १६ | कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री तथा मन्त्रीहरुको पारिश्रमिक तथा सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७५ | २०७५/०८/१० |
| १७ | कर्णाली प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७५ | २०७५/०८/१० |

**(ख) २०७६ सालमा प्रमाणीकरण भएका (विधेयकहरू) ऐनहरू**

| दर्ता नं. | विधेयकको नाम | प्रमाणीकरण मिति |
|---|---|---|
| ०१ | कर्णाली प्रदेश सभा सचिवालय सम्बन्धमाव्यवस्था गर्न बनेको विधेयक,२०७५ | २०७६/०१/०८ |

| | | |
|---|---|---|
| ०२ | कर्णाली प्रदेश सहकारी विधेयक,२०७५ | २०७६/०२/१४ |
| ०३ | कर्णाली प्रदेश प्रसारण सम्बन्धमा कानूनी व्यवस्था गर्न बनेको विधेयक,२०७५ | २०७६/०२/१४ |
| ०४ | प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७६/०२/२६ |
| ०५ | कर्णाली प्रदेश ऋण उठाउने अधिकारको व्यवस्था गर्न बनेको विधेयक,२०७५ | २०७६/०४/०७ |
| ०६ | आ.व. ०७६/०७७ को सेवा र कार्यहरुका लागि कर्णाली प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७६/०४/०७ |
| ०७ | प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक | २०७६/०४/०७ |
| ०८ | कर्णाली प्रदेश स्वयंसेवक परिचालन सम्बन्धमाव्यवस्था गर्न बनेको विधेयक | २०७६/०८/०१ |
| ०९ | प्रदेशमा खेलकुदको विकास सम्बन्धमाव्यवस्था गर्न बनेको विधेयक | २०७६/०८/०१ |
| १० | प्राङ्गारिक कृषि सम्बन्धीव्यवस्था गर्न बनेको विधेयक | २०७६/०८/०१ |
| ११ | कर्णाली प्रदेशमा सुशासन प्रत्याभूति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७६/०८/०१ |
| १२ | कर्णाली प्रदेश आर्थिक कार्यविधि (पहिलो संशोधन) ऐन,२०७६ | २०७६/०८/०१ |

### (ग) २०७७ सालमा प्रमाणीकरण भएका (विधेयकहरू) ऐनहरू

| दर्ता नं. | विधेयकको नाम | प्रमाणीकरण मिति |
|---|---|---|
| ०१ | कर्णाली प्रदेशको वातावरण संरक्षण गर्ने विधेयक, २०७७ | २०७७/०३/१८ |
| ०२ | प्रदेश लोकसेवा आयोग ऐन, २०७५ लाई पहिलो संशोधन गर्न बनेको विधेयक | २०७७/०३/१८ |
| ०३ | खाद्य अधिकार तथा सम्प्रभुता सुनिश्चित गर्न बनेको विधेयक | २०७७/०३/२९ |
| ०४ | स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धी कानूनमा संशोधन र एकीकरण गर्न बनेको विधेयक | २०७७/०३/३० |
| ०५ | आर्थिक वर्ष २०७७/७८ को सेवा र कार्यहरुको लागि कर्णाली प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७७/०३/३१ |
| ०६ | कर्णाली प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक | २०७७/०३/३१ |
| ०७ | सार्वजनिक र निजी क्षेत्रको साझेदारीको सम्वन्धमा व्यवस्था गर्न बनेको | २०७७/०४/०८ |

| | | |
|---|---|---|
| | विधेयक, २०७७ | |

**(घ) २०७८ सालमा प्रमाणीकरण भएका (विधेयकहरू) ऐनहरू**

| दर्ता नं. | विधेयकको नाम | प्रमाणिकरण मिति |
|---|---|---|
| ०१ | कर्णाली प्रदेश सरकारलाई अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०७८ | २०७८/११/२६ |
| ०२ | आर्थिक वर्ष २०७८/०७९ को सेवा र कार्यको लागि कर्णाली प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७८/११/२६ |
| ०३ | प्रदेश औधोगिक व्यवसायका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७८ | २०७८/१२/०६ |
| ०४ | प्रदेशमा स्वास्थ्य सेवा प्रवाह सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७८ | २०७८/१२/०६ |
| ०५ | कर्णाली प्रदेशमा व्यापार व्यवसायको दर्ता तथा सञ्चालनका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७८/१२/०६ |
| ०६ | कर्णाली प्रदेश भित्रको राष्ट्रिय वनको संरक्षण र सुव्यवस्था गर्न बनेको विधेयक | २०७८/१२/०६ |
| ०७ | प्रदेश प्रर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७८/१२/०६ |

**(ङ) २०७९ सालमा प्रमाणीकरण भएका (विधेयकहरू) ऐनहरू**

| दर्ता नं. | विधेयकको नाम | प्रमाणीकरण मिति |
|---|---|---|
| ०१ | प्रशासनिक कार्यविधि (नियमित गर्ने) ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयक | २०७९/०१/१६ |
| ०२ | कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन २०७४ लाई संशोधन गर्न बनेको विधेयक | २०७९/०२/११ |
| ०३ | आर्थिक वर्ष २०७९/०८० को सेवा र कार्यको लागि कर्णाली प्रदेश सञ्चित कोषबाट केहि रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७९/०३/२९ |
| ०४ | कर्णाली प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक | २०७९/०३/२९ |

| | | |
|---|---|---|
| ०५ | मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्तसम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक | २०७९/०४/२३ |
| ०६ | प्रदेश सभा सचिवालयसम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक | २०७९/०४/२३ |
| ०७ | प्रदेश लोक सेवा आयोगका पदाधिकारीको पारिश्रमिक, सेवाका शर्त र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७९/०४/२५ |
| ०८ | प्रदेश लोक सेवा आयोग ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक | २०७९/०४/२६ |
| ०९ | कर्णाली प्रदेश सहकारी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक | २०७९/०४/३१ |
| १० | कर्णाली कृषि व्यवसाय प्रवर्धन ऐन, २०७९ लाई संशोधन गर्न बनेको विधेयक | २०७९/०४/३१ |

**(च) २०८० सालमा प्रमाणीकरण भएका (विधेयकहरू) ऐनहरू**

| दर्ता नं. | विधेयकको नाम | प्रमाणीकरण मिति |
|---|---|---|
| ०१ | कर्णाली प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक | २०८०/०३/३१ |
| ०२ | आर्थिक वर्ष २०८०/८१ को सेवा र कार्यको लागि कर्णाली प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०८०/०३/३१ |
| ०३ | कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान (स्थापना र सञ्चालन) सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०८०/०४/११ |
| ०४ | कर्णाली प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेक विधेयक | २०८०/०६/२९ |

**(छ) २०८१ सालमा प्रमाणीकरण भएका (विधेयकहरू) ऐनहरू**

| दर्ता नं. | विधेयकको नाम | प्रमाणीकरण मिति |
|---|---|---|
| ०१ | आर्थिक वर्ष २०८१/०८२ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट व्यय हुने रकम विनियोजन गर्ने र सो रकम खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०८१/०३/२७ |
| ०२ | कर्णाली प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक | २०८१/०३/२७ |
| ०३ | स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न | २०८१/०६/२९ |

| | | |
|---|---|---|
| | बनेको विधेयक | |
| ०४ | कर्णाली प्रदेश सवारी तथा यातायात सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०८१/१२/१३ |
| ०५ | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०८१/१२/१३ |
| ०६ | कर्णाली प्रदेश बीउ विजन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०८१/१२/३१ |
| ०७ | कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० लाई संशोधन गर्न बनेको विधेयक | २०८१/१२/३१ |
| ०८ | कर्णाली प्रदेश प्रहरी सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०८१/१२/३१ |
| ०९ | दलित समुदायको सशत्तिकरण र जीवनस्तर प्रबर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०८१/१२/३१ |
| १० | कर्णाली प्रदेशको विद्युत सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०८१/१२/३१ |

**(ज) २०८२ साल असार मसान्तसम्ममा प्रमाणीकरण भएका (विधेयकहरू) ऐनहरू**

| दर्ता नं. | विधेयकको नाम | प्रमाणीकरण मिति |
|---|---|---|
| ०१ | आर्थिक वर्ष २०८२/०८३ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०८२/०३/३१ |
| ०२ | कर्णाली प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक | २०८२/०३/३१ |

**क) २०७७/७८ मा माननीय प्रदेश प्रमुखज्यूबाट जारी भएका अध्यादेशहरु**

| दर्ता नं. | अध्यादेशको नाम | जारी मिति |
|---|---|---|
| ०१ | प्रदेशलोकसेवाआयोग(दोस्रो संशोधन)ऐन,२०७५ लाईसंशोधनगर्नबनेकोअध्यादेश | २०७७/११/०५ |
| ०२ | प्रशासकीय कार्यविधि (नियमित गर्ने)ऐन, २०७५ लाईसंशोधनगर्नबनेको अध्यादेश | २०७७/११/१२ |
| ०३ | कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ लाई संशोधनगर्नबनेको | २०७८/०२/२१ |

| | | |
|---|---|---|
| | अध्यादेश | |
| ०४ | कर्णाली प्रदेश विनियोजन अध्यादेश, २०७८ | २०७८/०३/३१ |
| ०५ | कर्णाली प्रदेश आर्थिक अध्यादेश, २०७८ | २०७८/०३/३१ |

**ख) २०७८/७९ मा माननीय प्रदेश प्रमुखज्यूबाट जारी भएका अध्यादेशहरू**

| दर्ता नं. | अध्यादेशको नाम | जारी मिति |
|---|---|---|
| ०१ | प्रदेश लोक सेवा आयोगका पदाधिकारीहरुको पारिश्रमिक, सेवाका सर्त र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०७८ | २०७८/०५/१६ |
| ०२ | प्रदेश लोक सेवा आयोग ऐन, २०७५ लाई संशोधन गर्न बनेको अध्यादेश, २०७८ | २०७८/०७/०९ |
| ०३ | कर्णाली प्रदेश खेलकुद विकास ऐन,२०७६ लाई संशोधन गर्न बनेको अध्यादेश | २०७८/०७/१४ |

## १०. सूचना अधिकारी र प्रमुखको नाम र पदः

| नाम | पद | सम्पर्क नम्बर | इमेल |
|---|---|---|---|
| शिवलाल तिवारी | सचिव | ९८४१८५०४६६ | merobahabi@gmail.com |
| मनमाया काउचा | शाखाअधिकृत/सूचना अधिकारी | ९८६६८४१९५२ | manmayakaucha@gmail.com |

## ११. ऐन, नियमावली वा निर्देशिकाको सूचीः

यस कार्यालयको नियमित कार्य सम्पादनका क्रममा आकर्षित हुने प्रमुख कानूनी तथा नीतिगत प्रावधानहरु निम्न बमोजिम छन्।

- नेपालको संविधान, २०७२
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ र नियमावली, २०६५
- सूचनाको हकसम्बन्धी ऐन, २०६४ र नियमावली, २०६५
- निजामती सेवा ऐन, २०४९ र नियमावली, २०५०
- भ्रष्टाचार निवारण ऐन, २०५९
- सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र नियमावली, २०७७

- नेपाल सरकार कार्यविभाजन नियमावली, २०७४
- नेपाल सरकार कार्यसम्पादन नियमावली, २०६४
- प्रदेश प्रमुखको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७४
- सरकारी निर्णय सरलीकरण निर्देशिका, २०६५
- आवश्यकता अनुसार अन्य प्रचलित ऐन, नियमावली, परिपत्र, सूचना र निर्देशिकाहरू

## १२. आम्दानी, खर्च तथा आर्थिक कारोवारसम्बन्धी अद्यावधिक विवरणः

यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को २०८२ असारमसान्तसम्म विनियोजन, खर्च र बाँकी बजेटको विवरण निम्नानुसार रहेको छः

| ब.उ.शि.नं. | श्रोत | बार्षिक बजेट | खर्च | बाँकी |
|---|---|---|---|---|
| चालु १०३००००१६३ | नेपाल सरकार | २,६६,७५,०००/- | २,०४,६२,३३९.७४/- | ६२,१२,६६०.२६/- |
| चालु १०३०००००६३ | नेपाल सरकार | ५६,६७,०००/- | ५०,८५,००२/- | ५,८१,९५८/- |
| पुंजीगत १०३०००१६४ | नेपाल सरकार | ९,००,०००/- | ८,०३,८३९/- | ८,४०,०००/- |

## १३. तोकिएबमोजिमका अन्य विवरणः -

## १४. अघिल्लो आ.व.मा कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरणः नभएको

## १५. वेवसाइट भए सोको विवरणः

प्रदेश प्रमुखको कार्यालय, कर्णाली प्रदेशको वेबसाइट निम्नानुसार रहेको छ।

| |
|---|
| http://oph.karnali.gov.np/ |
| इमेलः krnlprovince@gmail.com |

यस वेबसाइटमा माननीय प्रदेश प्रमुखज्यू तथा यस कार्यालयसँग सम्बन्धित महत्वपूर्ण जानकारी एवम् सूचनाहरु उपलब्ध रहेका छन्।

**१६. निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवम् प्राविधिक सहयोग र सम्झौतासम्बन्धी विवरणः**नभएको।

**१७. सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदनः**-साधारण र चालु प्रवृतिका कार्यक्रम रहेको र सम्बन्धीत निकायमा यथासमयमै प्रतिवेदन हुनेगरेको।

**१८. सार्वजनिक निकायले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधिः-**

**१९. सूचना मागसम्बन्धी निवेदन र सो उपर सूचना दिएको विषयः** यस अवधिमा निम्न अनुसार सूचना उपलब्ध गराइएको थियोः

| सूचना माग कर्ता संख्या | माग भएको विषय | उपलब्ध गराइएको विषय |
|---|---|---|
| १ जनाबाट ईमेलमा निवेदन पठाइ सूचना माग | प्रदेश प्रमुखको सचिवालयमा कार्यरत कर्मचारी, सवारी साधन, ईन्धन र बजेट शीर्षकअनुसार खर्च विवरण | सम्बन्धित सूचनाहरू उपलब्ध गराइएको। |

**२०. सार्वजनिक निकायका सूचनाहरू अन्यत्र प्रकाशन भएमा वा हुने भएको भए सोको विवरणः**

कार्यालयका सूचना, जानकारी तथा विज्ञप्तिहरू कार्यालयको सूचना पाटी र वेवसाइटमा सार्वजनिक गर्ने गरिएको छ। माननीय प्रदेश प्रमुखज्यूले गर्ने नियुक्ति, सपथ जस्ता कार्यक्रममा सञ्चारकर्मीलाई आमन्त्रण गरी आफैं सूचना संकलनको वातावरणको प्रदान गर्ने गरिएको छ।